## मेलम्ची नगरपालिकाका प्रमुख श्री डम्बरबहादुर अर्यालज्यूबाट प्रस्तुत

## आ.व. ०७४/०७५ को नीति, तथा कार्यक्रमहरु

आदरणीय प्रमुख अतिथी ज्यू, विशेष अतिथी ज्यू, अतिथी ज्यूहरु, वडा अध्यक्ष, कार्यपालिका सदस्य ज्यूहरु तथा नगरसभा सदस्य ज्यूहरु, पत्रकार जगत तथा यस गरिमामय मेलम्ची नगरपालिकाको प्रथम नगर सभामा उपस्थित सम्पूर्ण महानुभाव एवं नगरवासीहरु,

१) नेपालको राज्य पुनःसंरचना पछि सम्पन्न भएको पहिलो चरणको स्थानीय तहको निर्वाचन पश्चात् मेलम्ची नगरपालिकाका तर्फबाट प्रथम पटक नीति, बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्न यस गरिमामय नगरसभामा सम्बोधनका लागि उपस्थित हुन पाउँदा गौरव महसुस गरेको छु । जनताले सात दशकसम्म गरेको बलिदानपूर्ण संघर्ष पछि यो सुनौलो अवसर हामी समक्ष जुरेको छ । नेपालको संघीय संरचना अन्तरगत जनतासँग प्रत्यक्ष र नजिकबाट सरोकार राख्ने स्थानीय तहको महत्व, भावना र सार्थकता सम्पूर्ण सर्बसाधारणमा समेत बोध गराउने यो सुखद समयलाईलाई स्मरण गर्न चाहन्छु ।

२) संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत हुँदै गएका छन् । मुलक संविधान कार्यान्वयनको चरणबाट अघि बढिरहेको छ । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग सुरु भएको छ । यी ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदानी गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

३) २०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्म र त्यसपछिका पराकम्पनबाट देशमा भएको अकल्पनीय धनजनको क्षति र विध्वंशको दृश्य हाम्रो मानसपटलमा अझै ताजै छ । उक्त महाभूकम्पबाट मेलम्ची नगरपालिका पनि क्षतविक्षत भएको थियो । सरकार परिवर्तनका खेलहरु हुँदै गए पनि जनताका पुनःनिर्माणका कार्य भने द्रुत गतिले अघि बढ्न सकेन । जस्ताका टहरा र त्रिपाल मुनि दिनरात गुजारीरहेका मेलम्ची नगरवासीहरुले आफ्ना दुःख, पीडालाई बिर्सेर बीस वर्ष पछि भएको स्थानीय तहको निर्वाचनमा अत्यन्त सक्रियताका साथ सहभागी भई निर्वाचनलाई सुसम्पन्न गर्नुभएकोमा सम्पूर्ण नगरवासीमा हार्दिक धन्यवाद तथा बधाई ज्ञापन गर्दछु ।

४) यस गरिमामय सभामा नगरपालिकाको तर्फबाट नगरको सम्पूर्ण विकासको लागि मार्ग दर्शनको रुपमा रहने आगामी आ.व. ०७४/०७५ को वार्षिक नीति, कार्यक्रमको जानकारी गराउन पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमा नगरपालिकाका प्रयासहरुमा हरदम साथ र सहयोग गर्नुहुने कार्यपालिकाका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यहरु, राजनैतिक दलहरु तथा नागरिक समाज, सरकारी तथा गैरसरकारी निकायहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु एंव मेलम्ची नगरवासी सम्पूर्ण आदरणीय दाजु-भाइ दिदी-बहीनीहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

५) स्थानीय तहको निर्वाचन पश्चात् स्थानीय तहलाई सञ्चालन तथा व्यवस्थापन गर्ने ऐन, नियमहरु बनिनसकेको यस संक्रमणयुक्त परिस्थितिमा जनतालाई संघीय शासन व्यवस्थाको प्रत्यक्ष अनुभूति दिलाउने अभिप्रायले नेपालको संविधान २०७२ ले अङ्गीकार गरेको समाजवाद उन्मुख शासन प्रणालीलाई सुखी नेपाली र समृद्ध नेपालको गन्तव्यतर्फ निर्देशित गर्ने गरी संघीय तथा प्रादेशीक कानूनको व्यग्रताका साथ प्रतिक्षा गर्दै स्थानीय सरकारको

भूमिका निर्वाह गर्ने क्रममा स्थानीय तहको ऐन, कानून, नियमावली तथा कार्यविधिहरु निर्माण गर्ने क्रममा छौं ।

६) करिब दुई दशक लामो अन्तरालमा भएको स्थानीय तह निर्वाचनबाट चुनिएर जनप्रतिनिधीको रुपमा कार्यारम्भ गरिएको यस ऐतिहासिक परिस्थितीमा आफ्नो अमुल्य मतदान मार्फत हामीलाई अवसर प्रदान गर्ने सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै जनप्रतिनिधी विहिनताको अवस्थामा समेत स्थानीय क्रियासिल राजनैतिक दलको सल्लाह सहमतीमा जनआकाँक्षा बमोजिम कार्यसम्पादन गरि जनसहभागितामुलक पद्धति अंगिकार गरि विकास, प्रशासन एवं सेवा प्रवाह संचालन गर्न सफल भएकोमा कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहान्छु ।

७) मेलम्ची नगरपालिकाका जनप्रतिनिधीहरु निर्वाचन भई पदवहाली भएपश्चात् कार्यपालिकाको (कार्यविभाजन) नियमावली २०७४, कार्यपालिकाको (कार्यसम्पादन) नियमावली २०७४, नगरकार्यपालिकाको निर्णय वा अधिकारपत्रको प्रमाणिकरण (कार्यविधी) निर्देशिका २०७४, सभा संचालन कार्यविधी, २०७४ बमोजिम नगरपालिकाका कार्यहरुलाई नियमन र व्यवस्थित गर्न सुरु गरिसकिएको छ । त्यस्तै प्रथम नगरसभा सम्पन्न गर्नका लागि स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ बमोजिम बार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका लागि आवश्यक समितिहरुः राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी स्रोत अनुमान तथा बजेट निर्माण कार्यलाई व्यवस्थित गरिनुको साथै कार्यसम्पादन नियमावली अन्तरगत कार्यपालिकामा ६ वटा विषयगत समितिहरु गठन गरी कार्यारम्भ सुरु गरिएको व्यहोरा यो गरिमामय नगरसभामा जानकारी गराउन पाउँदा हामीलाई खुशी लागेको छ ।

८) देशको राजधानी काठमाण्डौंसँग सिमाना जोडी जलश्रोत, कृषि, पर्यटन, व्यापार र खानीको प्रचुर सम्भावना बोकेको यो सुन्दर पहाडी नगरीको श्रोत र साधनको सु-व्यवस्थित उपयोगले मेलम्चीवासीको सम्वृद्धि र जीवनमा सकारात्मक परिवर्तन ल्याउन तथा नगरपालिकाको सेवा प्रवाहमा विशिष्टता ल्याउने गरी नीति तथा कार्यक्रम तय गर्न यो प्रथम नगरसभा सफल हुने विश्वास लिएको छु ।

आदरणीय प्रमुख अतिथी ज्यू, विशेष अतिथी ज्यू, अतिथी ज्यूहरु, वडा अध्यक्ष, कार्यपालिका सदस्य ज्यूहरु तथा नगरसभा सदस्य ज्यूहरु, पत्रकार जगत तथा यस गरिमामय मेलम्ची नगरपालिकाको प्रथम नगर सभामा उपस्थित सम्पूर्ण महानुभाव एवं नगरवासीहरु,

अव म मेलम्ची नगरपालिकाको संक्षिप्त परिचय दिन गइरहेको छु ।

पूर्वमा सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती गाउँपालिका, पश्चिममा काठमाण्डौंको शंखरापुर नगरपालिका र नुवाकोटको शिवपुरी गाउँपालिका उत्तरमा हेलम्बु गाउँपालिका र पाँचपोखरी थाङ्गपाल गाउँपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोकको मण्डन देउपुर नगरपालिका सिमाना जोडिएको यस मेलम्ची नगरपालिका २०७१ साल मंसिर १६ को नेपाल सरकारको घोषणा अनुसार साविक ७ वटा गाविस (मेलम्ची, ज्यामिरे, शिखरपुर, तालामाराङ, सिन्धुकोट, बाँसवारी र फटकशिला) लाई मिलाएर गठन भएकोमा २०७३।११।२६ स्थानीय तह पुनःसंरचना हुँदा साविक ४ वटा गाविस (भोटेचौर, हैबुङ, थकनी र दुवाचौर) लाई थप गरी मेलम्ची नगरपालिका गठन गरिएको छ । हाल मेलम्ची नगरपालिकामा १३ वटा वडा रहेका छन् भने यसको कुल क्षेत्रफल १५८ वर्ग किमि रहेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या ४५,३४३ रहेको छ भने समग्र भौगोलिक अवस्थालाई भौतिक विकासको दृष्ट्रिले चुनौतीपूर्ण रहेको पाइन्छ । त्यस्तै नगरपालिकाको नेतृत्व सम्हाल्दाको वर्तमान अवस्थामा हाम्रा सामुन्ने देहाय बमोजिमका चुनौती एवं सबल पक्षहरु रहेका पाएका छौं ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश नेपाल
स्थापना: २०७३

**चुनौती :**

- **निर्वाचित जनप्रतिनिधीहरुलाई जनताको अपेक्षाहरु अपेक्षाकृत ढंगले सम्पन्न गर्नु,**
- **पुनर्निर्माणलाई समयमै सम्पन्न गर्नु,**
- **वडा कार्यालयहरुको यथोचित संचालन व्यवस्थापन,**
- **कार्यान्वयन क्षमता बृद्धि गर्नु**
- **कर्मचारी व्यवस्थापन तथा संस्थागत क्षमता बृद्धि गर्नु,**
- **सार्वजनिक निर्माणको गुणस्तरियता कायम गर्नु,**
- **आन्तरिक आय बृद्धि गर्नु**

**मेलम्ची नगरपालिका सबल पक्ष तथा अवसरहरु**

- यो नगरपालिका मेलम्ची खानेपानी आयोजनाका कारण राष्ट्रिय अन्तराष्ट्रिय रुपमा परिचित रहेको छ ।
- प्रचुर मात्रामा प्राकृतिक स्रोत साधनको उपलब्धता रहेको छ ।
- पर्यटकिय क्षेत्रका रुपमा विकास गर्न प्रशस्त संभावना रहेको छ ।
- प्राकृतिक श्रोत साधनको उपयोगबाट सम्बृद्धि ल्याउन सक्ने सम्भावना रहेको छ ।
- रणनैतिक व्यापारिक केन्द्रको रुपमा विकास गर्न सकिने छ ।
- राजधानी सहरदेखि नजिकमा रहेको छ ।
- यहाँका नागरिकहरुको सचेत हुनुहुन्छ ।

## १.३ आयोजना प्राथमिकिकरणका आधारहरु

हामी विच रहेको सिमित श्रोत साधन तथा निर्वाचनको लगत्तै बजेट तथा कार्यक्रम निर्माणमा क्रियासिल हुनुपर्दा टोल बस्ती तथा क्षेत्रगतरुपमा विकास निर्माण सम्बन्धी अनेकौ आवश्यकताहरु हामी बीच प्रस्तुत भएका छन् । सिमित श्रोत र साधनको समुचित व्यवस्थापन गरि यि आवश्यकताहरुलाई प्रथमिकिकरण गरी क्रमैसंग निवारण गर्दै लैजानु जरुरी छ । हामीले सन्तुलित क्षेत्रगत विकासका लागि योजना छनौट गर्दा देहाय बमोजिमको प्राथमिकिरणका आधारहरु निर्धारण गरिएको व्यहोरा अनुरोध गर्दछु ।

- आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- पुनर्निर्माणलाई सहयोग पुग्ने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,

# खण्ड २ : चालु आ.व. २०७३/७४ को समीक्षा

## २.१ साविकको स्थानीय निकायहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

साविक स्थानीय निकायबाट चालु आ.व.मा पूर्वाधार विकास, लक्षित बर्गको विकास कार्यक्रम, आर्थिक, सामाजिक, संस्थागत विकास तथा सुशासन लगायतका विभिन्न क्षेत्रमा बजेट तथा कार्यक्रमहरु संचालन गरिएको पाइएको छ । निर्वाचित जनप्रतिनिधी नहुँदा योजना छनौटका विभिन्न चरणहरु पार गर्दै क्रियासिल राजनैतिक दलका प्रतिनिधीहरु मार्फत योजना तथा कार्यक्रममा सल्लाह सुझाव एवं सहभागिता लिई सम्पादन भएको पाइएको छ ।

वडास्तरबाट छनौट भई आएका विभिन्न योजनाहरुको अलवा पर्यटकिय क्षेत्रको विकास गर्न कार्यक्रम सुरु भएको मेलम्ची सिटी पार्कको नक्सा तयार पारी निर्माण सुरुवात भएको, उज्यालो शहर निर्माणको लागी सौर्य सडक बत्ती जडान भएको, नगरपालिकाको भवन तथा वडा कार्यालयहरुको भवन निर्माण गर्न करोडौ मुल्य पर्ने जग्गाहरु निशुल्क प्राप्त गर्न सफल भैं भवनहरु निर्माण गर्ने कार्य सुरु भएको लगायतका महत्वपूर्ण योजना संचालनमा रहेको पाइयो ।

प्रशासनिक व्यवस्थापन तथा सुशासन तर्फ सिमित कर्मचारीका वावजुद नगरपालिका, वडा कार्यालयहरुमा कम्प्यूटराइज सेवा प्रदान, इविलिङ्ग, नागरिक वडापत्र, गुनासा तथा उजुरीको व्यवस्था लगायतका कार्य भएको पाइन्छ ।

पुनर्निर्माण तर्फ लाभग्राही सूचिमा परेका भुकम्प पिडीतहरुले पहिलो किस्ता वापतको अनुदानको रकम लिई सेकेका गुनासो दर्ता गर्ने भुकम्प पिडीतहरुको गुनासो फछ्र्यौटका लागि पठाइएको छ । विभिन्न संघसंस्थाको संयोजनमा ७०० भन्दा बढी निर्माणमा संलग्न व्यक्तिहरुलाई बलियो घर निर्माण गर्ने तालिम दिनुका साथै गिरान्चौर एकीकृत बस्ती, माझीगाँउ एकीकृत बस्ती निर्माण सम्पन्न भएका छन् । भवन संहिता र सडक तथा खोला खोल्छीका मापदण्ड तयार भैं सो बमोजिम नक्सा नक्सापास गरेर घर निर्माण धमाधम भएका छन् ।

## २.२ गैह्र सरकारी संघसंस्थाहरुबाट सम्पन्न कार्यक्रमको समिक्षा

मेलम्ची नगरपालिका क्षेत्रमा क्रियासिल गैरसरकारी संस्थाहरु मध्ये धुर्मुस सुन्तली फउण्डेशन, हेल्भेटास स्वीस कोअपरेशन तथा थाई नेपाली एशोसियशनले भुकम्प पीडित जनसमुदायको नीजि आवास निर्माण कार्यमा संलग्न रहेका छन् भने अन्य केही संस्थाहरु संस्थागत भवनहरु निर्माणमा क्रियासिल रहेका छन् । आर्थिक, सामाजिक तथा अन्य पूर्वाधारको विकास तर्फ समेत गैह्र सरकारी संस्थाको प्रयास उल्लेखनिय रहेको छ ।

## खण्ड ३ : आगामी आ.व. २०७४/७५ को नीति तथा कार्यक्रमहरु

### ३.१ सौँच :-

यस नगरपालिकाको दीर्घकालीन सोच **"मेलम्ची समृद्धिको आधार : कृषि, पर्यटन, जलश्रोत,र व्यापार"** *रहेको ब्यहोरा निवेदन गर्दछु ।*

### ३.२ उद्देश्यहरु :-

आगामी आ.व. ०७४/७५ का लागि प्रस्तुत वजेटका उद्देश्यहरु निम्नानुसार रहेको व्यहोरा जानकारी गराउँदछु ।

१) समावेशी विकासको अवधारणामा जोड दिने,
२) पुननिर्माणलाई गति प्रदान गर्ने, रोजगारी सृजना एवम् आर्थिक वृद्धि गर्ने,
३) कृषिमा आधुनिकीकरण एवम् ब्यवसायिकरण गर्ने तथा पर्यटकीय क्षेत्रको पहिचान गरी पर्यटन प्रवर्द्धनमा जोड दिने,
४) आन्तरिक श्रोतको अभिवृद्धि गर्दै आत्मनिर्भरता वृद्धि गर्ने,
५) भौतिक तथा आर्थिक पूर्वाधारको विकासका साथै सामाजिक परिचालनद्वारा गरिवी न्यूनीकरण गर्ने,
६) बैकल्पिक उर्जा प्रवर्द्धनमा जोड दिने,
७) नगरपीलिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवाको प्रभावकारिता बृद्धि गर्ने,

### ३.३ प्राथमिकताका क्षेत्रहरु

माथि उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, सार्वजनिक सेवा तथा क्षमता विकास, वातावरण तथा विपद् व्यवस्थापन र विविध निर्माण लगायतका निम्न बमोजिमका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरी नीति, बजेट तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा जानकारी गराउँछु ।

१) समृद्ध मेलम्चीका लागि शिक्षा, कृषि, पर्यटन, जलश्रोत, स्वास्थ्य र व्यापारको प्रवर्द्धन तथा विकास,
२) सुरक्षित आवासका लागि आवश्यक नीति तर्जुमा,
३) सहरी आधारभूत सेवाहरु जस्तैः सडक यातायात सञ्जाल विकास, विस्तार एवम् स्तरोन्नती र नगर यातायात सेवा, ढल निकास, खानेपानी तथा सरसफाई एवम् वातावरण सन्तुलन र विकास,
४) महिला, बालबालिका, अशक्त/अपाङ्ग, दलित, आदिबासी/जनजाति, पिछडिएका वर्ग र अति गरीब तथा सिमान्तकृत समुदायको विकास,
५) योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा जनसहभागिताको सुनिश्चितता,
६) नगरपालिका तथा सरोकारवालाहरुको संस्थागत क्षमता सुदृढिकरणका लागि एकिकृत नगर विकास योजना तर्जुमा,
७) योजनाबद्ध सहरी विकास,
८) विकासमा गैर-सरकारी तथा निजी क्षेत्रसँग सहकार्य र साझेदारी,

### ३.४ बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

वार्षिक बजेट तर्जुमा गर्दा निम्न नीति तथा आधारहरु अवलम्बन गरिएको व्यहोरा जानकारी गराउँदछु ।ः

- नेपालको संविधानको अनुसूचि ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तरगत राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय शासन सञ्चालन ऐन र नियमावलीका प्रावधानहरु,
- स्थानीय तहका आवधिक योजनाहरु, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरु
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाईयुक्त क्षेत्र, उर्जा संकट लगायका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु,

## ३.५ समग्र नीति तथा आधारहरु

आ.व. २०७४/७५ का लागि नीति, वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्नलिखित समग्र नीति तथा आधारहरु अवलम्बन गरिएको व्यहोरा जानकारी गराउँदछु ।

- नेपालको संविधानले परिलक्षित गरेको निर्देशक, सिद्धान्त र नीतिहरु ,
- नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समय-समयमा प्राप्त भएका मार्गदर्शन तथा निर्देशनहरु,
- टोल भेला, वडा जनप्रतिनिधीको प्राथमिकताहरु, विषयगत समिति तथा एकीकृत योजना तर्जुमा प्रक्रियाद्वारा प्राथमिकीकरण सहित प्राप्त योजना तथा कार्यक्रमहरु,

## ३.६ क्षेत्रगत नीति तथा कार्यक्रमहरु

### क) आर्थिक क्षेत्र (आर्थिक प्रशासन तथा राजस्व परिचालनसम्बन्धी नीतिहरु)

१) नेपालको संविधान २०७२ को आधारमा स्थानीय तह मेलम्ची नगरपालिकाको आर्थिक ऐन निर्माण, जिल्ला समन्वय समितिसँग समन्वय, साथै प्रचलित ऐन कानुन तथा नेपाल सरकारद्वारा जारी गरिएका नीति, मार्गदर्शन र कार्यविधि बमोजिम राजश्व संकलनलाई व्यवस्थित गरी राजश्व अभिवृद्धि गर्ने नीति लिइनेछ ।

२) यस नगरक्षेत्र भित्र बसोबास गर्ने नगरबासीहरुको क्षमता, अन्य नगरपालिकाहरुको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दर निर्धारण गरिनेछ ।

३) नगरपालिकाको दीर्घकालिन क्षेत्रगत विकास गर्न स्थायी प्रकृतिका वित्तीय कोष खडा गरी कृषि, पर्यटन र जलश्रोत प्रर्वद्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

४) यस नगरपालिकाबाट सेवा शुल्क निर्धारण गर्दा सामाजिक न्यायको आधारमा उपेक्षित वर्गका लागि सहुलियत हुने गरी तोकिए बमोजिम सेवा शुल्क निर्धारण गरिनेछ ।

५) यस नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा उल्लेखित कार्यक्रम तथा योजनाहरु कार्यान्वयन गर्ने क्रममा सम्बन्धित निकायबाट स्रोतमा थपघट वा परिमार्जन भएमा सोही बमोजिम गरिनेछ ।

६) नगरपालिका र सबै वडा कार्यालयमा सफ्टवेयर जडान गरी आर्थिक कारोवारलाई व्यवस्थित गरिनेछ साथै वडा कार्यालय र नगारपालिका कार्यालय बीच E-Linkange गरिनेछ, ।

७) राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ ।

८) **"राजस्व संकलन- भार होइन, नगर समृद्धिको आधार हो"** भन्ने चेतना जागरण गराउन राजश्व सचेतना अभियान सञ्चालन गरिनेछ ।

९) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा टेवा पुर्‍याउने कर नीति अवलम्बन गरिनेछ ।

१०) राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्यनजर गरी प्रक्षेपित स्रोत साधनको सन्तुलित वितरणको खाका तयार गर्ने नीति लिइनेछ ।

११) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरु तय गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) अर्थतन्त्रका तीन स्तम्भहरु सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई सहभागिता, स्वतन्त्र विकास र परिपूरक भूमिकामार्फत नगरको अर्थतन्त्रलाई सुदृढ गर्दै समृद्धिको मार्गतर्फ आर्थिक नीतिहरु केन्द्रित हुनेछन् ।

१३) उद्योग वाणिज्य संघ लगायत सरोकारवाला संघसंस्थाको सहकार्यमा व्यापार प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ,

## ख) सामाजिक क्षेत्र (सामाजिक विकास नीति तथा कार्यक्रम)

### अ) अध्ययन, अनुसन्धान, वातावरण, स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीति

१) यस मेलम्ची नगरपालिकालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने अभियान सञ्चालन गर्न नगर तथा वडा स्तरिय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति गठन गरी सकिएकोमा ३ बर्ष भित्रमा यस नगरपालिकाक्षेत्रलाई खुला दिशामुक्त क्षेत्र घोषणा गरिनेछ । सरकारी तथा गैरसरकारी विकास साझेदारहरुसँगको सहकार्यमा घर-घरमा शौचालय बनाउने अभियानलाई थप प्रभावकारी बनाउनुका साथै व्यस्त सार्वजनिक ठाउँहरुमा सार्वजनिक शौचालय बनाउन पहल गरिनेछ र शौचालय नबनाउने व्यक्तिहरुलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गर्न सकिने नीति लिइनेछ ।

२) यस नगरक्षेत्रलाई प्लाष्टिकमूक्त क्षेत्र घोषणा गर्न आवश्यक पहल गरिनेछ ।

३) मेलम्ची नगरको फोहर व्यवस्थापन गर्नका लागि स्थायी ल्याण्डफिल्ड साइट खोजी गरी प्रयोगमा ल्याइनेछ ।

४) नगर स्तरीय स्वास्थ्य सेवा विकास गर्न आवश्यक पहल गरिनेछ साथै नगरका २ स्थानमा सहरी स्वास्थ्य क्लिनिकको स्थापना भएकोमा यसको विस्तार गर्दै लगिनेछ ।

५) वातावरण मैत्री स्थानीय शासनको प्रारुपमा उल्लेखित नगरपालिकाको लागि तोकिएका सूचकहरु कार्यान्वयनको लागि स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थासँग समेत सहकार्य गर्नुका साथै वडा समितिलाई परिचालन गरी सामाजिक परिचालक मार्फत कार्यान्वयनमा ल्याइनेछ ।

६) यस नगरलाई सफा उज्यालो बनाउनको लागि सौर्य उर्जा मार्फत उज्यालो सहर बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

७) वित्तीय सेवामा सबै नगरवासीको पहुँच सुनिश्चित गर्न प्रोत्साहत गर्दै सबै नगरवासीको बैङ्क खाता सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

८) समुदायमा रहेको साधन, स्रोतको संगठितरुपमा परिचालन गरी सामाजिक रुपान्तरण र समन्यायिक आर्थिक वृद्धिमार्फत समुदायको सशक्तीकरण गर्न सहकारी अभियानलाई अघि बढाइनेछ ।

९) चौधौं योजनाले लिएका राष्ट्रिय लक्ष्य तथा सूचकहरुलाई पूरा गर्न यस नगरपालिकाले पनि आफ्ना सूचकहरु पत्ता लगाई सूचकलाई अभिवृद्धि गर्न पहल गरिनेछ ।

**<u>आ) समुदाय विकास नीति</u> :**

१) नगरपालिकाद्वारा सञ्चालन गरिने सीप तथा स्वरोजगारमूलक, क्षमता अभिवृद्धि कार्यक्रमहरु लागत सहभागिताको आधारमा सम्बन्धित सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको सहकार्यमा सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

२) समुदायमा हुने विवाद समाधान गर्न मेलमिलाप गर्ने नीति अख्तियार गरिनेछ साथै यसका लागि मेलमिलाप केन्द्रलाई क्रियाशील बनाउने कार्यक्रम सञ्चालन गरिनेछ,

३) सहरी गरिवी न्यूनीकरण कार्यक्रमलाई अविलम्ब सञ्चालन गरिनेछ ,

४) लागू औषध दुर्व्यवसनी न्यूनीकरण गर्न त्यस सम्बन्धी संघसंस्थाहरुको सहकार्यमा कार्य गरिनेछ,

५) नगरपालिका क्षेत्रभित्र विभिन्न संघसंस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई नगरपालिकाको दायराभित्र ल्याउन पहल गरिनेछ ,

६) आगलागी जस्ता जोखिम न्यूनीकरणका लागि निर्देशिका तयार गरी यसै आ.व. देखी सञ्चालनमा ल्याइनेछ ।

**<u>(ग) समावेशी विकास नीति</u>**

१) यस मेलम्ची नगरक्षेत्र भित्र रहेका महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र पिछडिएको वर्गको छुट्टाछुट्टै सञ्जाल गठन गरी उक्त सञ्जालहरुको सिफारिसका आधारमा लक्षित कार्यक्रम तर्जुमा गर्ने नीति अवलम्बन गरिनेछ ।

२) महिला, एकल महिला, वालवालिका, दलित, जनजाति, अपाङ्ग, असहायको उत्थानका लागि लक्षित वर्ग कार्यक्रम अन्तर्गत सम्बन्धित क्षेत्रमा क्रियाशिल संघसंस्थामार्फत ती वर्गको सशक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ,

३) विकास दृष्टिले पछाडि परेका वडा तथा क्षेत्रको समानुपातिक एवम् सन्तुलित विकासका लागि ती क्षेत्रका समुदायले जुटाउनुपर्ने लागत सहभागिताको भारलाई कम गर्न सकारात्मक बिभेदको नीतिलाई अगाडि बढाइनेछ,

४) नगर क्षेत्रभित्र अनाथ वालबालिका, अपाङ्ग, सुस्त मनस्थिति, मानसिक सन्तुलन गुमाएका तथा वुद्धवृद्धाको उचित व्यवस्थापन तथा स्याहारका लागि आवश्यक सेवा केन्द्र सञ्चालन गर्ने संघसस्थालाई सहयोग गर्ने नीतिलाई अवलम्वन गरिनेछ ,

५) यस नगरपालिकालाई बालमैत्री नगर बनाउनको लागि बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालमैत्री कार्यक्रम सञ्चालन गर्ने साथै बालश्रमरहित नगरपालिका बनाउन प्रयास गरिनेछ ।

**(घ) कृषि, शिक्षा, व्यापार, खेलकुद, साहित्य, सञ्चार, कला र संस्कृति नीति :**

१) नगर सूचना केन्द्रको प्रभावकारी व्यवस्थापन गरि संचालन गर्न सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

२) नगर क्षेत्रमा शैक्षिक गुणस्तरका लागि भौतिक पूर्वाधार लगायतका पक्षमा सहयोग गर्ने नीति अवलम्वन गरिनेछ ,

३) नगर क्षेत्रको खेलकुद विकासका लागि आवश्यक पूर्वाधार विकास एवम् सुधारका लागि सम्बन्धित निकायसँगको सहकार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइनेछ ,

४) साहित्य, कला र संस्कृतिको संरक्षण, प्रबर्द्धन तथा विकासका लागि सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ,

५) राज्यको चौथो अंगको रुपमा रहेको सञ्चार जगतलाई साझेदारी अवधारणा अनुसार सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ,

६) कृषिमा आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै उत्पादकत्व बृद्धि गरी यस नगर क्षेत्रलाई विषादी रहित अर्गानिक तरकारी, खाद्यान्न, दुध र मासुजन्य पदार्थमा आत्मनिर्भर बनाउने नीति लिइनेछ ,

७) कृषिक्षेत्रको व्यवसायीकरण र आधुनिकीकरण गर्दै यसलाई मर्यादित एवम् आकर्षक पेशाको रुपमा विकास गरिनेछ । तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभको सम्भावना र भौगोलिक एवम् पर्यावरणीय स्थिति अनुसार नगरका विभिन्न भागहरुलाई विभिन्न खाद्यवस्तु, तरकारी तथा नगदेबाली उत्पादनको पकेटक्षेत्र निर्धारण गरी विशेष कार्यक्रम सञ्चालन गरिने छ । किसानहरुको सहभागितामै सामाजिक सुरक्षा कोष खडा गरी क्रमशः उनीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ । युवाहरुलाई कृषिमा आकर्षित गर्दै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई समेत यसमा आबद्ध गरिनेछ ।

८) कृषिको यान्त्रीकरणलाई प्रोत्साहन दिन सामुहिक र सहकारी कृषि प्रणालीको विकास गरिनेछ । मल, बीउ, सिंचाई, प्रविधि र कृषि उपजको बजारको सुनिश्चितता कायम गरिने छ । बाली तथा पशुपंक्षी बीमामा किसानको सर्बसुलभ पहुँच पुग्ने व्यवस्था गरिने छ । यसका लागि निजी क्षेत्रसँगै सहकारी संस्थाहरुलाई समेत परिचालन गरिनेछ । कृषि सहकारीको प्रवर्द्धन गरी साना किसानहरुको आर्थिक सामाजिक सशक्तीकरण गरिनेछ ।

९) कृषि क्षेत्रको विकासका लागि आवश्यक प्राविधिक सेवाका साथै मल, विउ, औजार उपलब्ध गराई किसानलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ । साथै कृषि सम्बन्धी सूचनाहरु स्थानीय पत्रपत्रिका, रेडियो, मोवाइल तथा सामाजिक सञ्जालमार्फत सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

१०) सार्वजनिक, सहकारी र निजी क्षेत्रको साझेदारीमा पशु स्रोतकेन्द विकास गरी उन्नत जातका गाई, भैंसी, बाखा लगायतका पशुपंक्षीहरुको उत्पादन तथा वितरणलाई व्यवस्थित तुल्याइनेछ ।

११) पशुपंक्षीको बजार प्रवर्द्धन गर्न पशुपंक्षी हाटबजारको व्यवस्था मिलाउन प्रोत्साहन गरिनेछ । आधुनिक बधशाला सञ्चालन गर्नुपर्ने नीति अवलम्बन गरिनेछ । साथै पशुपंक्षी बिक्रीका लागि काठमाण्डौंमा विशेष व्यवस्था मिलाइनेछ ।

१२) कृषितर्फ मुख्य खाद्यवस्तुहरुको उत्पादनमा वृद्धि गरी मेलम्ची नगरपालिकालाई खाद्यन्नमा आत्मनिर्भर बनाई खाद्य सुरक्षा हासिल गराउने नीति अवलम्बन गरिनेछ ।

## (ङ) पर्यटन विकास नीति

१) नगरको पर्यटन बिकासका लागि नगर विकास योजना (Integrated Master Plan) तयार गर्दा पर्यटन गुरु योजना समेत समावेश गरी तयार गरिनेछ । सो गुरुयोजनाको आधारमा पिक्निक स्पोर्ट, पार्क, होम स्टे, भ्यू टावर लगायतको ब्यवस्थापन गर्ने नीति लिइनेछ ।

२) पर्यटन प्रवर्द्धन गर्न पर्यटकीय क्षेत्र विकास अन्तर्गत निम्न बमोजिम कार्यक्रम सञ्चालनमा निरन्तरता दिइनेछ ।

- सुलिकोट धुसेनी धौले एकिकृत पर्यटन क्षेत्र विकास कार्यक्रम,
- गुफा चाँखु एकिकृत पर्यटन क्षेत्र विकास कार्यक्रम,
- मेलम्ची सिटी पार्क निर्माण योजना,
- पर्यटक ट्रेकिङ, रुटको पहिचान कार्यक्रम,
- हैवुङ्ग तथा भोटेचौर पर्यटन क्षेत्र विकास कार्यक्रम,

## च) पूर्वाधार क्षेत्र (सहरी पूर्वाधार तथा भौतिक संरचना बिकाससम्बन्धी नीति)

१) आगामी आर्थिक वर्ष यो नगरपालिकाको पूर्वाधार विकास तर्फको प्रस्थान विन्दु हुनेछ । आगामी पाँच वर्षलाई विकास अवधिका रुपमा लिइनेछ । आगामी दस वर्षमा नगरपालिकाले समृद्धिको खुट्किला उक्लिने नीति अवलम्बन गरिनेछ ।

२) यस वर्ष छनौट गरिएका आयोजनाहरुलाई P1, P2 र P3 मा वर्गीकरण गरी P1 मा परेका आयोजनाहरुलाई पहिलो चौमासिकमा, P2 मा परेका आयोजनाहरुलाई दोस्रो चौमासिकमा र P3 मा परेका आयोजनाहरुलाई तेस्रो चौमासिकमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।

३) नगरपालिका क्षेत्रमा सञ्चालन गरिने पूर्वाधार वा सामाजिक बिकाससँग सम्बन्धित कुनै पनि कार्यक्रम वा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा सञ्चालन व्यवस्थापन चरणहरुमा सामाजिक तथा वातावरणीय सन्तुलन, प्रकोप व्यवस्थापन पक्ष समेतलाई ध्यानमा राखी आयोजनाहरुको निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

४) जनसहभागितामा सञ्चालन गरिने आयोजनाहरु कार्यान्वयन गर्दा वातावरणमैत्री आयोजना बनाउने तर्फ सम्बन्धित उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउने नीति लिइनेछ भने सम्पन्न भएका आयोजनाहरुको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित उपभोक्ताहरुलाई नै हस्तान्तरण गर्ने नीति लिइनेछ ।

५) भौतिक पूर्वाधार तथा संरचनाको गुणस्तर सुनिश्चतताको लागि सुपरिवेक्षण तथा अनुगमन कार्यलाई नियमित बनाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

६) योजना सम्पन्न भएपछि भुक्तानीका लागि पेश हुन आएका योजना कार्यक्रमहरुको सम्बन्धमा सरोकारवालाहरुको सहभागितामा सार्वजनिक परीक्षण पश्चात मात्र भुक्तानी नीति लिइनेछ ।

७) नगरको समग्र विकास निर्माणमा सार्वजनिक र नीजि साझेदारी (Public Private Partnership-PPP) को अवधारणा अवलम्बन गरिनेछ ।

८) नगरपालिकाद्वारा पूर्वाधार विकास गरिएका योजनाहरुको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्यलाई अगाडि बढाइनेछ ।

९) व्यवस्थित तथा योजनाबद्ध सहरी विकासलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

१०) यस नगरक्षेत्रमा समग्र विकास कार्यलाई व्यवस्थित गर्न नगरको समग्र विकासको गुरुयोजना (Integrated Master Plan) तयार गरिनेछ ।

११) भू-उपयोग नीति अवलम्बन गरिनेछ ।

१२) सहरी विकास मन्त्रालय/डिभिजन भवन कार्यालयसँग सहकार्य गरी जग्गा विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१३) नगर क्षेत्र भित्रको सार्वजनिक जग्गाको लगत संकलन गरी संरक्षणको नीति अवलम्बन गरिनेछ ।

१४) सहरी विकास मन्त्रालय र सहरी विकास तथा भवन निर्माण विभागसँग निरन्तर सहयोग र समन्वयमा रही नगर क्षेत्रमा राष्ट्रिय भवन संहिता लागू गरिएकोमा स्थानीय तह पुनः संरचना पश्चात् थप हुन आएका क्षेत्रमा समेत संहिता लागू गरिनेछ ।

१५) सडक तथा यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याउने नीति अवलम्बन गरिनेछ ।

१६) यस नगरसँग सीमा जोडिएको गाउँपालिका र नगरपालिकासँगको समन्वयमा विकास लगायत विभिन्न सवालमा रणनीतिक साझेदारी कायम गर्दै यस नगरलाई मध्यपहाडी क्षेत्रको शहरको रुपमा विकास गर्ने नीति लिइनेछ ।

१७) विपद् व्यवस्थापनका लागि विपद्का क्षेत्रहरुमा जोखिमको अवस्था, जोखिम न्युनिकरणको उपायहरु तथा संस्थागत प्रवर्द्धन समेत उल्लेख गरी आवधिक जोखिम व्यवस्थापन योजना बनाई लागु गरिनेछ र अन्तराष्ट्रियस्तरको जोखिम अध्ययन तथा अनुसन्धान केन्द्र निर्माणको नीति लिइनेछ ।

१८) जल उपयोग गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्ने नीति लिइनेछ

१९) १३ वटै वडामा कम्तीमा १/१ वटा एकिकृत बस्ती, पार्क/वगैचा, खेलकूद मैदान, सामुदायिक भवन निर्माणको लागि प्रोत्साहित गर्ने नीति लिइनेछ ।

२०) नीजि क्षेत्रले जग्गा विकास गर्दा नगरपालिकाबाट स्वीकृत लिई गर्नुपर्ने नीतिलाई अवलम्बन गरिनेछ ।

२१) भूकम्पका कारण भत्किएका निजी आवास तथा सरकारी भवनहरुको पुनःनिर्माणको कार्यलाई तीन वर्ष भित्रमा सम्पन्न गर्न प्रोत्साहित गरिनेछ ।

२२) बस्ती विकास तथा भौतिक संरचना निर्माण गर्दा मापदण्ड तथा संहिता बमोजिम निर्माण एवं स्वीकृती गरिने नीति अवलम्बन गरिनेछ ।

२३) कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार र पर्यटनको विकासद्वारा गरिवी न्यूनीकरण, बेरोजगारी न्यूनीकरण र सकारात्मक विभेदद्वारा महिला, बालबालिका, दलित, जनजाती, आदीवासी, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका क्षेत्रको आर्थिक सामाजिक स्थितिमा सशक्तीकरण गर्न उपलब्ध श्रोत साधनहरुलाई समुचित परिचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

२४) नेपाल विद्युत प्राधीकरणसँगको सहकार्यमा विद्युत वितरण लाइन विस्तार गर्दा स्थानीय जनतामा कुनै असर नपर्ने गरी विद्युत प्रसारण गर्ने नीति अवलम्बन गरिनेछ ।

२५) नगरपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुमा आधारभूत औषधि तथा स्वास्थ्य उपचारका लागि उपकरणहरुको व्यवस्था मिलाई नगरवासीको स्वास्थ्य सुरक्षा कायम गर्न समुचित व्यवस्था मिलाइनेछ ।

२६) कृषि, पर्यटन, उद्योग तथा सेवा क्षेत्रको विस्तारसँगै पुनर्निमाण एवम् नवनिर्माणमा रोजगारीका अवसरहरु सिर्जना गरिने छ । नगर भित्र नै रोजगारी र स्वरोजगारीका पर्याप्त अवसर सिर्जना गरी रोजगारीका लागि युवायुवतीहरुले वैदेशिक श्रम बजारको ढोका ढकढकाउनु पर्ने बाध्यकारी स्थितिलाई क्रमशः घटाउँदै लगिनेछ ।

## छ) वातावरण तथा विपद व्यवस्थापनसम्बन्धी नीतिहरु

१) वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

२) फोहोरमैला संकलन, पुनःउपयोग, प्रशोधन र विसर्जन गर्ने नीति अवलम्बन गरिनेछ ।

३) वन संरक्षण, व्यवस्थापन, दिगो उपभोग र स्वच्छ वातावरणको लागि समुदायमा आधारित वन व्यवस्थापन प्रणाली सुदृढ गरिने छ । जैविक विविधताको संरक्षण, वातावरणीय सेवा र जीविकोपार्जनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४) वनस्पति, गैरकाष्ठ वन पैदावर तथा जडिबुटी प्रजातिको अध्ययन, अनुसन्धान, संरक्षण, खेती तथा उत्पादन वृद्धि र प्रशोधनकेन्द्रहरु स्थापना गरी वनमा आधारित उद्यमलाई प्रोत्साहित गरिने छ । काठको उत्पादन र उपयोगमा नगरलाई आत्मनिर्भर बनाइने छ । खेर गइरहेको जग्गामा निजी र सामुदायिक वनको क्षेत्र तोकी कार्यक्रम सञ्चालन गरिनेछ । सामुदायिक वन र सहकारी मार्फत जनसहभागिताको क्षेत्र फराकिलो तुल्याउँदै वनबाट रोजगारीका अवसर सिर्जना गरिने छ ।

५) वन क्षेत्रको अतिक्रमण र आगलागी नियन्त्रण गर्न आवश्यक कार्ययोजना तयार गरिने छ ।

६) विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्ययोजना तय गरी लागू गर्ने नीति अवलम्बन गरिनेछ ।

७) सार्वजनिक खाली जग्गा वा पाखा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ।

८) विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ ।

९) योजना निर्माण गर्दा विपद् न्यूनीकरण हुने गरि संचालन गर्ने नीति अवलम्बन गरिनेछ । स्थानीय विपद व्यवस्थापन कार्यक्रम तयार गरि क्रमश कार्यान्वयन गर्दै लगिनेछ ।

१०) विपद् व्यवस्थापन कोष स्थापना गरि कोषबाट विपद् व्यवस्थापनमा खर्च गर्ने नीति अवलम्बन गरिनेछ ।

## ज) संस्थागत विकास, सेवा प्रवाह र सुशासन (सुशासन प्रबर्द्धन एवम् संगठन विकास नीति)

१) नगरपालिकाबाट उपलब्ध हुने सेवाहरु असहाय, अपाङ्ग, बृद्ध-बृद्धा एवम् दृष्टिबिहिनहरुको लागि प्राथमिकताका साथ उपलब्ध गराइनेछ ।

२) नगरपालिकाको संस्थागत क्षमता अभिबृद्धि तथा मानव संसाधन विकासका लागि नगर क्षमता विकास योजना तर्जूमा गरिनेछ ।

३) कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी र वैज्ञानिक बनाई सेवामुखी एवम् जवाफदेही बनाइनेछ ।

४) पत्रकारिता क्षेत्रको, प्रर्वद्धन एवम् विकासका लागि पत्राकार महासंघ लगायत संचारसंग सम्बद्ध निकायहरुसंग समन्वय गरि संचारमैत्री कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

५) नगरपालिकाबाट सम्पादन हुने कामहरुलाई प्रभावकारी बनाउन प्रचलित कानून बमोजिम विषयगत र क्षेत्रगत निर्देशिकाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७) पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकासँग सम्बन्धित सूचनाहरुलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकीकरण गरिनेछ । साथै जनप्रतिनिधी र कर्मचारीहरुलाई कम्प्युटर तालिम प्रदान गरी सबै वडामा सफ्टवेयर जडान गरी आर्थिक कारोवार सहित कम्प्युटर मार्फत सेवा प्रदान गरिनेछ ।

८) नगरपालिकाको संगठनात्मक संरचना तथा आवश्यक कर्मचारी दरबन्दी गत परिषदबाट स्वीकृत भई सञ्चालन हुँदै आएकोमा स्थानीय पुन:संरचना पश्चात्को संगठनात्मक स्वरुप बमोजिम दरवन्दी व्यवस्था मिलाइनेछ ।

९) पारदर्शिता एवम् सुशासनका लागि नगरपालिकाको आम्दानी एवम् खर्चलाई सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिनुका साथै विकास निर्माण कार्यमा पारदर्शिता कायम गर्न योजना स्थलमा नै सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१०) पारदर्शीता एवम् सुशासन कायम गर्न नगरपालिका स्तरमा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिनेछ । साथै वडास्तरका जनप्रतिनिधीहरुबाट सम्बन्धित वडाको योजना अनुगमन तथा निरीक्षण पश्चात् वडाकार्यालयको भूक्तानि सिफारिसमा मात्र भुक्तानि गरिनेछ ।

११) अस्थायी प्रकृतिका सेवाहरु जस्तै फोहोमैला व्यवस्थापन, विद्युत, खानेपानी आपूर्ती, सुरक्षा, सरसफाई, बगैचा हेरचाह, सवारी चालक, भान्छे, फोटोकपी, योजनाको सुपरिवेक्षण, कम्प्युटर जस्ता सेवाहरु लगायत स्थायी पदपुर्ति नभए सम्मका लागि आन्तरीक श्रोतबाट व्यहोर्ने गरी कार्यालय सञ्चालनमा आवश्यक पदहरु प्रचलित नियमको अधीनमा रही सेवा करारद्वारा पदपुर्ति गरिनेछ ।

१२) वडा तथा नगरपालिकामा कार्यरत कर्मचारीको क्षमता विकास गर्न सरुवा तथा जिम्मेवारी हेरफेरको नीति अवलम्बन गरिनेछ ।

१३) यस नगरपालिकाको कार्यसम्पादन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित गरी मनोबल उच्च राख्न कर्मचारी विनियमावली तथा कर्मचारी कल्याण कोष विनियमावली तयार गरी सकिएको छ । उक्त विनियमावली गत परिषदबाट अनुमोदन गरिएकोमा आवश्यक संशोधन सहित प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

१४) LGCDP तर्फका सामाजिक परिचालक तथा अन्य कर्मचारीद्वारा नियमित कार्यालय सञ्चालनमा समेत सहभागी भैं अतिरिक्त समय समेत कार्य गर्नु परेकोले निजहरुको मनोवल उच्च पार्न दिई आएको सुविधा यथावत गर्ने नीति लिइने छ ।

१५) मेलम्ची नगरपालिका क्षेत्रलाई सुशासन मैत्रीनगर (Good Governance Friendly City) बनाउन आवश्यक कार्यारम्भ विगत वर्षबाट सुरुवात गरिएकोमा उक्त कार्यलाई

प्रभावकारी बनाउन निरन्तरता दिई सुशासनको अनभूति दिलाउने गरी सेवा तथा कार्यक्रम सञ्चालनको नीति लिइनेछ ।

१६) मेलम्ची नगरक्षेत्रलाई जिल्लाकै समृद्ध नगरका रुपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

१७) यस नगरको वार्षिक बजेट, नीति तथा कार्यक्रममा नसमेटिएका तर सम्बन्धित निकायबाट आकस्मिक रुपमा प्राप्त हुने बजेट तथा कार्यक्रम र न.पा.भित्र गर्नुपर्ने आकस्मिक तथा अत्यावश्यक कार्यहरु नगरकार्यपालिकाद्वारा निर्णय गरी कार्यान्वयन गर्ने र आगामी नगरसभाबाट अनुमोदन गर्ने नीति अवलम्बन गरिनेछ ।

## मेलम्ची नगरपालिकाका उपप्रमुख श्री भगवती नेपालबाट प्रस्तुत

## आ.व. ०७४/०७५ को बजेट तथा कार्यक्रमहरु

**श्रद्धेय अध्यक्ष ज्यू,**

क) नगरपालिकाका प्रमुख श्री डम्बरबहादुर अर्यालज्यूबाट मेलम्ची नगरपालिकाको समग्र सन्तुलित विकासको लागि यस अघि प्रस्तुत नीति तथा कार्यक्रम नगरपालिकाको विकासको मार्गदर्शकको रुपमा हामीले ग्रहण गरेका छौ । उक्त नीति तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट निर्माण गर्ने अवसर मलाई प्राप्त भएको छ ।

ख) बजेट निर्माणको लागि अत्यन्त छोटो समयका बाबजुद कार्यपालिकाका भावनाहरु, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यकारी अधिकृत एवं अन्य कर्मचारी, विषयगत कार्यालयका प्रमुख एवं प्रतिनिधीहरु, नागरिक समाज, स्थानीय बुद्धिजिवी, भद्रभलादमी, स्थानीय उद्योग बाणिज्य क्षेत्रका लब्धप्रतिष्ठित व्यक्तिहरु लगायतका समुदायको सल्लाह र सुझाव तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नीतलाई हामीले बजेट निर्माण गर्दाका आधारका रुपमा लिएका छौं ।

ग) नेपालको इतिहासमा स्थानीय सरकारको आभास गर्ने जननिर्वाचित सभा समक्ष यो प्रथम बजेट तथा कार्यक्रम पेश गर्दा वडा स्तरबाट प्राथमिकिरण भैं प्राप्त योजनाहरु, एकभन्दा बढी वडालाई जोड्ने योजना तथा कार्यक्रमहरु, चालु अधुरा योजना तथा कार्यक्रमहरु, नगरस्तरीय योजना तथा कार्यक्रमहरु छिटो सम्बृद्धि ल्याउने योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिदैं समृद्ध नगर र सम्पन्न नगरबासीको परिकल्पना सहित यो बजेट निर्माण गरेको छु ।

घ) गत तेश्रो नगरपरिषदबाट पारित गरिएको बजेटमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान तथा जिविसबाट दहत्तर बहत्तर वापत प्राप्त हुने रकम बृद्धि भएकाले चालु आ.व. मा नगरपालिकालाई प्राप्त केन्द्रिय बजेट सञ्चालन अनुदान रु ४६,००,०००।०० पुजिगत निशर्त अनुदान रु २,६४,२४,०००।०० सशर्त अनुदान रु ३,१४,८८,०००।०० अ.ल्या. रु ५८,३४,३५८।३९, जिल्ला विकास समिति मार्फत प्राप्त योजना तथा कार्यक्रम तर्फ रु १७,८०,०००।००, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ रु २७,७२,०००।००, सामाजिक सुरक्षा शसर्त अनुदान रु ३,६४,२४,०००।०० र आन्तरीक आम्दानी, दहत्तर बहत्तर, र राजस्व बाँडफाँड समेत गरि रु ५,८०,००,०००।०० गरी जम्मा रु १६,७३,२२,३५८।३९ को संसोधित वजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु । संसोधित योजना तथा कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा व्यवस्था गरिएको छ ।

ङ) आगामी आ.व. ०७४/०७५ को लागि वित्तिय समानीकरण अनुदान २५,२१,०५,०००।०० , सशर्त अनुदान रु १८,१४,७१,०००।००, आन्तरीक आम्दानी र दहत्तर बहत्तर रु ६,२०,००,०००।००, सामाजिक सुरक्षा शसर्त अनुदान रु ९,००,००,०००।०० , प्रभावित क्षेत्र विकास कार्यक्रम ( फटकशिला) रु ३२,५०,०००।००, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम रु २०,००,०००।०० , अ. ल्या. ३,७०,००,०००।०० र राजस्व बाँडफाँडबाट (मालपोत) रु ३०,००,०००।०० समेत गरि जम्मा रु ६३,०८,२६,०००।०० को अनुमानित कार्यक्रम तथा बजेट रहेको प्रस्तुत गर्दछु जसको विस्तृत विवरण यसै साथ संलग्न अनुसूचीमा रहेको व्यहोरा निवेदन

गर्दछु । साथै आ.व. ०७४।०७५ मा संचालन हुने योजना तथा कार्यक्रमहरु बुदाँगत रुपमा देहाय बमोजिम प्रस्ताव गर्दछु ।

१) कृषी पेशा व्यवसाजयलाई व्यवसायिकरण र आधुनिकिरण गरि मेलम्ची वासीको छिटो सम्बृद्धिका लागि **"व्यवसायिक कृषि - मेलम्चीको समृद्धि"** भन्ने नारा तय गरी **"कृषकसँग मेलम्ची नगर"** भन्ने कार्यक्रम सञ्चालन गर्न एक स्थायी प्रकृतिको कोष निर्माण गरिनेछ । उक्त कोषमा नगरपालिका, संघ, प्रदेश तथा अन्य दातृ निकायहरुबाट समेत श्रोत संकलन गरि व्यवसायिक कृषि प्रर्वद्धनको अभियानको रुपमा संचालन गरिनेछ । उक्त कोषमा आ.व. ०७४।०७५ का लागि रु ५० लाख विनियोजन गरेको छु, उक्त कोष संचालनको कार्यविधी बनाई कार्यपालिकाबाट स्वीकृत गरि संचालन गरिनेछ ।

२) मेलम्ची नगरलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गरी टेवा पुग्नेगरी क्षेत्रगत कार्यक्रमहरु समेत संचालन गरिनेछ । पर्यटकिय क्षेत्रको पहिचान, विकास एवं प्रर्वद्धनात्मक कार्यक्रम संचालन गरिनेछ । यसका लागि स्थायी प्रकृतिको पर्यटन विकास कोष गठन गरि **"मेलम्ची नगर, पर्यटकीय सहर"** कार्यक्रमलाई सञ्चालन गरिनेछ । उक्त कोषलाई स्थायी प्रकृतिको बनाईने र नगरपालिका, संघ, प्रदेश तथा अन्य दातृ निकायबाट उक्त कोषमा रकम संकलन गरी कार्यक्रम संचालन गरिनेछ । उक्त कोष संचालनको कार्यविधी नगरपालिका कार्यपालिका बैठकबाट स्वीकृत गरि संचालन गरिनेछ ।

३) मेलम्ची नगरपालिकाका सबै वडाका बस्तीहरुमा ५ बर्ष भित्र सडक सुविधा पुऱ्याइनेछ । नगरदेखी वडा कार्यालयहरु सम्म पुग्ने सडकलाई बाह्रै महिना सवारी साधन संचालन हुने गरि स्तरबृद्धिको कार्यक्रम आ.व. ०७४।०७५ बाट सुरु गर्न रु २ करोड ५० लाख विनियोजन गरेको छु ।

४) समग्र खेलकूद क्षेत्रको विकासका लागि विविध खेलकूद कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ । नगरस्तरीय खेदकूद मैदान निर्माणको अभियानलाई अघि बढाइनेछ । साथै आ.व. ०७४।०७५ देखी भलिबलतर्फको "**मेयर कप रनिङ शिल्ड"** प्रतियोगिता समेत सञ्चालन गरिनेछ । समग्र खेलकुद क्षेत्र विकासका लागि आ.व. ०७४।०७५ का लागि रु २० लाख विनियोजन गरेको छु ।

५) मेलम्ची नगर चक्रपथको नक्साङ्कन गरि ट्रयाक निर्माणको कार्य सुरुवात गरिनेछ । चक्रपथ निर्माणको कार्य गर्न आ.व. ०७४।०७५ का लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

६) मेलम्ची नगरपालिका वडा नं १० मा निर्माणाधिन मेलम्ची सिटी पार्क नमुना योग्य पार्क बनाईनेछ । यसको निर्माण चाडो पुरा गर्ने गरी आगामी आ.व. का लागि रु १ करोड ७ लाख विनियोजन गरेको छु ।

७) नगरपालिकाको भवन निर्माण गर्न प्रक्रिया प्रारम्भ भएकोमा सो पुरा गरी चाडो भन्दा चाडो भवन निर्माण गर्न आगामी आ.व. का लागि रु २ करोड २५ लाख विनियोजन गरेको छु । हाल सूचना केन्द्र रहेको भवनको तल्ला थप गर्न ३५ लाख वडा नं ७ र १० को वडा कार्यालय निर्माणको लागि रु ५० लाख विनियोजन गरेको छु ।

८) पुननिर्माण कार्यलाई योजनाबद्ध रुपमा संचालन गरिनेछ । यसका लागि एकीकृत बस्ती विकास कार्यक्रमलाई जोड दिइने छ । एकीकृत/सुधारिएको बस्ती तथा जग्गा विकास कार्यक्रमका लागि रु ३५ लाख छुट्टाइएको छ । विपन्न परिवारले निर्माण गर्ने नीजि आवासमा सहयोग पुऱ्याउन रु ५ लाख बजेट विनियोजन गरेको छु । सबै वडा कार्यालयहरु प्रविधिमैत्री बनाईनेछ । कम्प्यूटर सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । सबै वडा कार्यालयहरुमा टेलिफोन, इन्टरनेट, लेखा सफ्टवेयर तथा नागरिक वडापत्रको व्यवस्था मिलाईनेछ । यि लगायत समग्र सुशासन कार्यक्रमका लागि रु १५ लाख बजेट छुट्टाएको छु ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश नेपाल
स्थापना: २०७३

९) फोहरमैला संकलन तथा व्यवस्थापन गर्न सेनेटरी ल्याण्डफिल साइट निर्माण तथा जग्गा व्यवस्थापन गरि स्वच्छ, सफा र सुन्दर मेलम्ची नगर निर्माण गर्न रु ४५ लाख विनियोजन गरेको छु ।

१०) भदौरे मानेभन्ज्याङ्ग नेपाने तालामाराङ्ग सडकलाई बैकल्पिक सडकको रुपमा विस्तार गरिनेछ । यसका लागि आगामी आ.व. का लागी रु ५० लाख विनियोजन गरेको छु ।

११) मेलम्चीमा सामुदायिक, साँस्कृतिक एवं सभा सम्मेलन गर्ने स्थान अभाव देखिएको छ, सो पुरा गर्न यसै आ.व. देखी कार्यारम्भ थालिने छ, जसको लागि रु ४५ लाख विनियोजन गरेको छु ।

१२) फटकशिला क्षेत्रमा खानेपानीको अभाव भै चालु आ.व .बाट सुरु गरिएको फटकशिला खानेपानी आयोजना चाडो पुरा गर्न आगामी आ.व.को लागि रु ४० लाख विनियोजन गरेको छु ।

१३) नगरपालिकाका २ स्थानमा शहरी स्वास्थ्य क्लिनिक स्थापना भएका तर बाह्रै महिना संचालन हुन नसकेकोमा उक्त शहरी स्वास्थ्य क्लिनिकहरु बाह्रै महिना संचालन हुने व्यवस्था मिलाईनेछ र थप दुई शहरी स्वास्थ्य मेलम्ची नगरपालिका १२ गिरान्चौरमा संचालन गरिनेछ । यि लगायत यावत स्वास्थ्य क्षेत्रको विकासका लागि रु ३६ लाख छुट्टाएको छु ।

१४) पुनर्निर्माणलाई द्रुत गतिमा अगाडी बढाउन ढुङ्गामाटोबाट घर निर्माण गर्ने लाभगाह्रीको नक्सा निर्माण कार्य नगरपालिकाबाट निशुल्क गरिदिने व्यवस्था मिलाएको छु । त्यस्तै नक्सापास गर्दा छिटो छरितो हुने गरि प्रक्रिया निर्धारण गरिनेछ र नक्सापास गर्दा नक्सापास दस्तुर रु ५०० लिई नक्सापास गरिदिने व्यवस्था मिलाएको छु । जसका लागि रु ५ लाख विनियोजन गरेको छु ।

१५) ५ बर्ष भित्र सबै वडाहरुमा वडास्तरिय खेल मैदान तथा पार्क निर्माण गरिनेछ । यसको सुरुवात आगामी आ.व. देखी गर्नेगरि रु १८ लाख विनियोजन गरेको छु ।

१६) मेलम्ची नगरपालिकाको सार्वजनिक स्थलमा शौचालय नहुदाँ सर्वसाधरणलाई समस्या परेको हुदाँ सार्वजनिक शौचालय निर्माण गर्न रु १२ लाख विनियोजन गरेको छु ।

१७) मेलम्ची नगरपालिकाको बैठक स्थान अभावको कारण बैठक गर्न कठिन भएको हुदाँ पञ्चकन्या सामुदायिक भवन मेलम्ची नगरपालिका वडा नं ११ निर्माण मर्मत पुरा गरि बैठक कक्ष निर्माण गर्न रु ५ लाख विनियोजन गरेको छु ।

१८) उज्यालो शहर निर्माण अभियानलाई निरन्तरता दिइने छ । यसका लागि सौर्य सडक बत्ति लगायतका अन्य साझेदारी कार्यक्रमका लागि रु १ करोड २५ लाख छुट्टाएको छु ।

१९) डोजर तथा सवारी साधन खरिदका लागि रु ८५ लाख विनियोजन गरेको छु ।

२०) सार्वजनिक जग्गा संरक्षण कार्य अगाडी बढाइनेछ । यसरी संरक्षण गर्दा सार्वजनिक जग्गाको उचित प्रयोगमा ध्यान दिदैं समग्र कार्यक्रम संचालन गर्न रु ८ लाख विनियोजन गरेको छु ।

२१) नीजि तथा सामुदायिक विद्यालय विच रहेको शिक्षाको गुणस्तरको अन्तर कम गरि सामुदायिक विद्यालयको क्षमता विकास गरिनेछ । वडा स्तरिय शैक्षिक विकास कार्यक्रमका अलावा अन्य शैक्षिक प्रर्वद्धनको लागि थप रु ३० लाख विनियोजन गरेको छु ।

२२) वडा कार्यालयबाट छनौट भएका कार्यक्रमका अतिरित्त बालबालिका क्षेत्र विकासका लागि रु २२ लाख ६० हजार महिला क्षेत्र विकास कार्यक्रमका लागि रु १५ लाख, उपेक्षित क्षेत्र विकासका लागि रु १० लाख छुट्टाएको छु, बृद्धबृद्धा सम्मानका लागि रु ३ लाख त्यस्तै विपद व्यवस्थापन कोष स्थापना भएकोमा सो कोषलाई १३ लाख थप गरि रु २० लाख पुऱ्याइनेछ साथै विपद व्यवस्थापन तालिम संचालन गर्न १ लाख ५० हजार छुट्टाएको छु ।

२३) सुशासन मैत्री नगर स्थापना गर्न जनप्रतिनिधी तथा कर्मचारीको क्षमता विकास कार्यक्रम, अध्ययन अवलोकन जस्ता कार्यहरु, उजुरी गुनासो पेटिका, नागरिक वडापत्र, बजार व्यवस्थापन र नगर सुरक्षा कार्यक्रम, नगरपालिकाबाट प्रदान गरिने सेवा, इविल, विद्युतिय

हाजिरी, करदाता शिक्षा, कार्यालयको संस्थागत व्यवस्थापन लगायतका यि क्षेत्रगत कार्यक्रमका लागि रु ७७ लाख विनियोजन गरेको छु ।

२४) विविध सार्वजनिक निर्माण, सेवा करार व्यवस्थापन, पुरातात्विक/साँस्कृतिक संरक्षण कार्यक्रम लगायतका विविध कार्यक्रमको लागि रु १ करोड ७८ लाख छुट्टाएको छु ।

२५) डिपिआर तयारी, नगर गुरुयोजना निर्माण, जलउपयोग गुरु योजना निर्माणको लागि रु ६० लाख छुट्टाएको छु ।

२६) वातावरणमैत्री नगर निर्माणका लागि स्थानीय वातावरणमैत्री शासन संचालन कार्यविधीले निर्दिष्ट गरेका सूचकहरुमध्ये तत्काल गर्नुपर्ने सूचकबाट वातावरणमैत्री कार्यक्रम तथा वृक्षारोपण कार्यको सुरुवात यसै आ.व.बाट गरिनेछ, यसका लागि रु १० लाख छुट्टाएको छु ।

२७) सेवा प्रवाहलाई प्रभावकारी बनाउन, विकास निर्माण द्रुततर गर्न तथा जनगुनासो सम्बोधन गर्न टोलटोलमा मेयर नामक कार्यक्रम संचालन गरिनेछ । नगरपालिकाको पुरै क्षेत्रलाई चार भागमा विभाजन गरि उक्त क्षेत्रमा प्रत्येक २ महिनामा १ पटक सोही क्षेत्रका जनप्रतिनिधी, सेवाप्रदायक संस्था तथा नगरपालिका तथा स्थानीय सर्वसाधरण बिच अर्न्तक्रियात्मक कार्यक्रम नगरप्रमुखको उपस्थितीमा संचालन गरिनेछ । सेवा प्रवाहमा गुणस्तरियता प्रदान गर्ने तथा गुनासो सम्बोधन हुने यस्ता कार्यक्रमका लागि रु ७ लाख बजेट छुट्टाएको छु ।

२८) सामुदायिक वन उपभोक्ताहरुको आर्थिक समृद्धिका लागि **सामुदायिक वन समुदायको आय आर्जनको श्रोत** बन्ने सक्ने गरि कार्यक्रम सञ्चालन गर्न यस आ.व. बाटै सुरु गर्न आवश्यक बजेट व्यवस्था गरेको छु ।

२९) मेलम्ची नगरपालिकाबाट काठमाण्डौं जोड्ने द्रुत सडकको रुपमा सिन्धुखोलाबाट गिरान्चौर भन्ज्याङ हुदै खाल्डे भोटेचौरबाट काठमाण्डौं सडक निर्माणको थालनी आगामी आ.व.बाट गरिनेछ उक्त सडकको गिरान्चौर भन्ज्याङ खाल्डे सडक खण्ड निर्माणका लागि रु ७४ लाख ५० हजार विनियोजन गरेको छु ।

३०) चालु आ.व. मा संघीय संरचना पूर्वाधार विकास कार्यक्रम ब.उ.शी.नं. ६०२११०३ बाट प्राप्त बजेटको स्वीकृत कार्यक्रमहरुमध्ये यसै साथ अनुसूचीमा संलग्न योजना तथा कार्यक्रमहरु जिम्मेवारी सरी आगामी आ.व. मा संचालन गर्ने गरी बजेट विनियोजन गरेको छु ।

३१) सशर्त अनुदान तर्फ अनुसूचीमा व्यवस्था भए बमोजिमका कार्यक्रमहरुका लागि रु १८ करोड १४ लाख ७१ हजार विनियोजन गरेको छु ।

३२) आगामी आ.व.को लागि कर्मचारीहरुको तलब, भत्ता, लगायत कार्यालय संचालन तथा चालु खर्चका लागि यसै साथ संलग्न अनुसूची बमोजिमको रु ४ करोड २४ लाख ५० हजार ५ सय विनियोजन गरेको छु ।

देशमा बिसौं वर्ष पछि सम्पन्न भएको स्थानीय निर्वाचन मार्फत जनप्रतिनिधीहरु निर्बाचित भइसकेको परिवेशमा माथि उल्लेखित कार्यक्रमहरु कार्यान्वयन गरी नागरिकलाई प्रत्यक्ष सुखानुभूति दिलाउन हामी सबैको प्रतिबद्धता रहेको छ । यस क्रममा स्थानीय राजनीति दलहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, नागरिक समाज तथा अन्य सम्पूर्ण सरोकारवाला निकायहरुको निरन्तर सहयोगको अपेक्षा पनि गरिएको छ ।

## खण्ड ४ : अनुसूचिहरु

**अनुसूचि १ : आय व्ययको विवरण**

**अनुसूचि २ : राजस्व तथा अनुदान प्राप्तिको अनुमान**

**अनुसूचि ३ : व्यय अनुमान**

**अनुसूचि ४ : वित्तीय व्यवस्था अनुमान**

**अनुसूचि ५ : कार्य क्षेत्रगत व्यय अनुमान**

**अनुसूचि ६ : वार्षिक विकास कार्यक्रम**

**अनुसूचि ७ : वार्षिक कार्यक्रम कार्यान्वय योजना**

अध्यक्ष महोदय,

आर्थिक वर्ष २०७४/७५ को बार्षिक नीति, कार्यक्रम तथा बजेटले परिलक्षित गरेको उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिमको रणनीति अवलम्बन गरिनेछ ।

१) आधारभूत सेवा तथा पूर्वाधार विकासमा समन्वय, सहकार्य, सहभागिता र साझेदारीको अवधारणलाई थप प्रभावकारी बनाउने ।

२) राजश्वका क्षेत्रहरुको पहिचान र अधिकतम परिचालन र उक्त कार्यका लागि सरोकारवालाहरुको सहकार्यमा जोड दिने ।

३) ठूला योजनाहरुको सम्भाब्यता अध्ययन एवम् डिजाइनका लागि विज्ञ परामर्श दातृ संस्थाहरुको सेवा लिने ।

४) समावेशी तथा सन्तुलित विकासका लागि सामाजिक परिचालनमा जोड दिने ।

५) लक्षित तथा बिशेष लक्षित क्षेत्रमा क्रियाशिल संघसस्थाहरुको सहकार्य र साझेदारीमा जोड दिने

६)सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँगको सहकार्यमा जोड दिने ।

**श्रद्धेय अध्यक्ष ज्यू,**

**अन्त्यमा ,**

यस बजेटको सफल कार्यान्वयनबाट मेलम्ची नगरपालिकाको समावेशी विकासमा सघाउ पुग्ने, आर्थिक बृद्धिलाई मद्दत पुग्ने, रोजगारी अभिवृद्धि हुने र राजस्व अभिवृद्धि गर्न मद्दत पुग्ने विश्वास लिइएको छ । प्रस्तुत वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदीबहिनीहरुमा धन्यवाद दिन चाहन्छु । वजेट नीति तथा कार्यक्रमहरुका सिलसिलामा राजस्व परापर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, कार्यपालिकाका सदस्यज्यूहरु, नगरपीलकाका कर्मचारीहरु, नगरसभाका सदस्यज्यूहरुको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागिता एंव पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउँ पुऱ्याउनु हुने राजनीतिक दलहरु, सरकारी कार्यालय, गैर-सरकारी संघ संस्था, नागरिक समाज, उद्योगी ब्यवसायी, बृद्धिजीवि, सञ्चारकर्मी साथै सम्पूर्ण कर्मचारी साथीहरु प्रति हार्दिक आभार ब्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता सो को सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै नगरसभा सदस्यहरु, राजनैतिक दल, नागरिक समाज, सरकारी एंव गैर सरकारी संस्थाहरु, कर्मचारी वर्ग एंव आम नगरवासीको सम्युक्त प्रयास आवश्यक हुन्छ । सदा झै नगरवासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भैरहने आशा एंव विश्वास लिएको छु ।

अति ब्यस्त कार्यक्रमका बाबजुद यस सभामा उपस्थित सम्पूर्ण आदरणीय उपस्थित महानुभावहरु प्रति हार्दिक कृतज्ञता सहित आभार ब्यक्त गर्दछु ।

**नमस्कार ! धन्यवाद !**

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
३ नं. प्रदेश नेपाल
स्थापना: २०७३

नगरसभाबाट पारित भएका मुख्य प्रस्ताव तथा निर्णयहरु :

१) नीति तथा कार्यक्रम पारित सम्बन्धमा : मेलम्ची नगरपालिकाको आगामी आ.व. ०७४।०७५ को उत्कृष्ठ नीति तथा कार्यक्रम नगरपालिकाको प्रमुखबाट पेश गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै उक्त नीति तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

२) उपप्रमुखद्धारा प्रस्तुत मेलम्ची नगरपालिकाको आर्थिक ऐन २०७४, विनियोजन ऐन २०७४, आ.व. ०७४।०७५ को बजेट तथा कार्यक्रम पारित गर्ने निर्णय गरियो ।

३) मेलम्ची नगरपालिकाका उपप्रमुखबाट पेश भएको चालु आ.व. ०७३/०७४ मा संचालित योजना तथा कार्यक्रमको यसै संग संलग्न अनुसुचीमा रहेको योजना तथा कार्यक्रम सहितको संसोधित खर्च पारित गर्ने निर्णय गरियो ।

४) नगर कार्यपालिकाकोबाट पारित भै कार्यान्वयनमा आएका तपसिल बमोजिमका नियमावली एवं कार्यविधीको सम्बन्धमा यस नगरसभामा जानकारी भयो, उक्त नियमावलीहरु पारित गरि कार्यारम्भ गरेकोमा कार्यपालिकालाई धन्यवाद दिने निर्णय गरियो ।

५) तपसिल :

क) नगरकार्यपालिकाको कार्यविभाजन नियमावली, २०७४ ख) नगरकार्यपालिकाको कार्यसम्पादन नियमावली, २०७४
ग) सभा संचालन कार्यविधी, २०७४ घ)निर्णय वा अधिकारपत्र प्रमाणिकरण कार्यविधी, २०७४

**नगर सभाका अन्य निर्णयहरू**

- साविक मेलम्ची नगरपालिकामा लागु भएका भवन निर्माण सम्बन्धी मापदण्ड थप हुन आएका क्षेत्रहरुमा समेत भवन संहिता लागु गरि नक्सापास प्रक्रिया सुरु गर्न कार्यपालिकालाई अधिकार प्रदान गर्ने निर्णय गरियो ।
- खोल्छी तथा खोलाको सेटब्याकको लागि परामर्शदाताबाट तयार भएको मापदण्डको विषयमा अध्ययन गरि लागु गर्ने गराउने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।
- मेलम्ची नगरपालिकाको तेश्रो नगर परिषद्‌बाट पारित भैं लागु भएको राजमार्ग र सहायक राजमार्ग बाहेकको सडकहरुको सेटब्याकको हकमा व्यापारिक दृष्टिले बनेका सटर सहितका घरहरुकोलाई २ मिटर र आवसिय प्रयोजनले बनेका घरहरुकोलाई १.५ मिटर सेटब्याक कायम गर्ने निर्णय गरियो ।
- मेलम्ची नगरपालिका भित्र संचालन भएका तथा हुने व्यवसाय महिलाको नाममा दर्ता गर्दा दर्ता शुल्कमा पचास प्रतिशत छुट दिने निर्णय गरियो ।
- प्राकृतिक श्रोत साधनहरु जस्तै ढुङ्गा, गिटी, बालुवा, जडिबुटी, पानीजन्य प्रयोग व्यवसाय संचालन गर्दा ति सामाग्री उत्खनन् एवं उपयोग गरेवापत लाग्ने कर निर्धारण गरि लागु गर्ने अख्तियारी कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।
- आगामी आ.व. ०७४।०७५ का योजना तथा कार्यक्रम संचालनका लागी योजना शाखाबाट तयार भएको बार्षिक तथा आवधिक योजना तालिका बमोजिम कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

- यस मेलम्ची नगरपालिका भित्र रहेका तथा नगरपालिकाको श्रोतले पुरा हुन नसक्ने यसै साथ अनुसूचीमा संलग्न योजना तथा कार्यक्रमहरु संचालनका लागि आगामी आ.व. ०७४।०७५ को बजेट तथा कार्यक्रममा समावेश गर्न संघ/प्रदेशलाई अनुरोध गर्ने निर्णय गरियो ।
- आगामी आ.व. ०७४।०७५ को लागि नियमानुसार खरिद योजना तथा कार्यक्रम स्वीकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।
- स्थानीय तह घोषणा पूर्व मेलम्ची नगरकार्यपालिका बोर्डको विभिन्न मितिमा भएका निर्णय तथा स्थानीय तह घोषणा पश्चात नगर कार्यपालिकाका विभिन्न मितीका बैठकमा भएका निर्णय तथा निर्णय बमोजिम संचालित योजना तथा कार्यक्रमहरु यस नगरसभा अनुमोदन तथा पारित गर्ने निर्णय गरियो ।
- अन्य प्रचलित कानूनले व्यवस्था नगरेसम्म जनप्रतिनिधीहरु/ कर्मचारीहरुलाई प्रदान गर्ने सुविधा सम्बन्धी निर्णय गर्न कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो ।
- साविक मेलम्ची नगरपालिकाको स्वीकृत दरबन्दी मध्ये इन्जिनियर (रा.प.तृतिय प्राविधिक) तर्फ नगरपालिका स्वीकृत दरबन्दीमा १ र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फका १, गरि २ जना इन्जिनियरबाट कार्यसम्पादन हुदैं आएकोमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फको दरबन्दी नरहने भएको तथा नगरपालिकाको सम्पूर्ण कार्यक्रम इन्जिनियर तह (रा.प.अ. तृतिय प्रा.) को १ जनाबाट सम्पादन गर्न नसकिने हुदाँ आन्तरिक श्रोतबाट बेहोर्ने गरि थप १ इन्जिनियर, कम्प्यूटर अपरेटर १ (रा.प.अन. द्धितिय) तथा सवारी चालक १ (फोहरमैला व्यवस्थापन ट्रिपर चालक) को आन्तरिक श्रोतबाट ब्यहोर्ने गरि करार व्यवस्थापन गर्ने तथा उक्त दरबन्दी स्वीकृतीको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।
- मेलम्ची खानेपानी आयोजनाबाट खानेपानी काठमाण्डौ पथान्तरण भएपश्चात प्रभावित क्षेत्रका बासिन्दालाई प्रदान गर्ने रोयल्टी निर्धारण गर्न नेपाल सरकारसंग अनुरोध गर्ने निर्णय गरियो साथै प्रभावित साविकका गाविसहरुमा सामाजिक उत्थानका कार्यक्रम संचालन भैं आएकोमा उक्त कार्यक्रमहरु स्थानीय तहबाट संचालन हुने व्यवस्था मिलाईदिनका लागि मेलम्ची खानेपानी विकास समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।
- यस अघि भाडामा लिइएको हलुका सवारी साधनलाई निरन्तरता दिदैं एक हलुका सवारी साधन र एक ब्याक हो लोडर खरिद गर्ने निर्णय गरियो ।
- मेलम्ची नगरपालिकाका मुख्य मुख्य सडकहरुको नामाकरण गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।
- अनुसुचिमा उल्लेख भएका गैरसरकारी संस्थाको कार्यक्रमहरु स्वीकृती प्रदान गर्ने तथा आगामी दिनमा स्वीकृतीका लागि कार्यक्रम सहित आउने संघ संस्थालाई अनुमती प्रदान गर्ने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।